सत्रौं गाउँ सभामा २०८२ असार १० गते मंगलवार
सभाध्यक्ष  श्री कैसाङ नुर्पु तमाङज्यूद्वारा
प्रस्तुत

# नीति तथा कार्यक्रम
# २०८२/०८३

गोसाईकुण्ड गाउँपालिका
स्याफ्रुबेंसी, रसुवा
२०८२

**गाउँ सभाका सदस्यहरु !**

१. सर्वप्रथम, गाउँ सभाको सत्रौं अधिवेशन समक्ष आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । हाम्रो गाउँपालिकाले अवलम्बन गरेको **"जल विद्युत, पर्यटन, रसुवागढी नाका पूर्वाधार र शिक्षा ! सुसंस्कृत र समृद्ध गोसाईकुण्ड, लाङ्टाङ हाम्रो सदिक्षा"** भन्ने दिर्घकालिन सोच एवम् अवधारणालाई निरन्तरता दिई गाउँपालिकाको विकास र गाउँपालिकावासी सेवामा निरन्तर अघि बढ्ने क्रममा हामी यो ऐतिहासिक सत्रौं गाउँसभामा सहभागी भईरहेका छौं । यस ऐतिहासिक समयमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जन विद्रोह, जनआन्दोलन लगायतका बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै मुलुकमा राजनैतिक परिवर्तनको लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरु, समुन्नतिको चाहना राख्नु हुने सम्पूर्ण गोसाईकुण्ड गाउँपालिकावासी जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु । प्रत्येक गोसाईकुण्ड गाउँपालिकावासीमा गाउँपालिका र राज्यप्रति थप आशा र भरोषा पैदा गर्न, आर्थिक गतिशिलता बढाउन, उत्पादन र उत्पादकत्व बढाउँदै आत्मनिर्भर र स्वतन्त्र अर्थतन्त्रको विकास गर्न यो गोसाईकुन्ड गाउँपालिका प्रतिवद्ध रहेको व्यहोरा जानकारी गराउँदछु साथै सुशासन प्रवर्द्धन र तीव्र आर्थिक विकास गर्दै गोसाईकुण्ड गाउँपालिकावासीलाई प्रभावकारी सेवा प्रवाह गर्न गाउँपालिका निरन्तर यत्नशिल रहेको व्यहोरा पनि जानकारी गराउँदछु ।

२. सङ्घीय तथा प्रादेशिक सरकारको दीर्घकालिन सोच अनुरुप यस गोसाईकुण्ड गाउँपालिकाको दीर्घकालिन लक्ष्य बमोजिम आगामी समयमा यस पालिकालाई समृद्ध र सुशासनपूर्ण गाउँपालिकाको रुपमा व्यवस्थित गर्न आवश्यक पर्ने नीतिहरुको बारेमा विज्ञहरुबाट स्थलगत अध्ययन र अनुसन्धानमार्फत् प्राप्त सुझावहरु समावेश गरी लक्ष्य उन्मुख र अझै वस्तुनिष्ट नीति कार्यक्रम र बजेट तर्जुमा गर्ने प्रतिबद्धता ब्यक्त गर्न चाहान्छु ।

गाउँ सभाका सदस्यहरु

३. अव म  चालु आ.व.को हाल सम्मको प्रमुख उपलब्धीहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गर्दछु । सामाजिक सुरक्षा भत्ता वितरण पूर्णरुपमा अनलाइन प्रणाली EFT मार्फत हुने गरेको छ । समृद्ध गोसाईकुण्ड गाउँपालिका निर्माणका लागि सडक सञ्जाल विस्तार तथा स्तरोन्ततीलाई प्राथमिकता दिई यस आ.व.मा नयाँ सडक निर्माण र स्तरोन्नती  गर्ने कार्यलाई थप सम्पन्न भएको छ त्यसले जनतालाई सेवा लिन सहज भएको छ ।

४. विद्युतीय हाजिरीलाई थप विस्तार र व्यवस्थित गर्दै उपस्थितिलाई कार्य सम्पादनसँग थप तादाम्यता गरिदैं लगिएको छ ।  कार्यालयमा आन्तरिक सञ्चारको लागि इन्टरकम टेलिफोन प्रविधिको प्रयोग गरिएको छ । राजश्व संकलनलाई सरल र भरपर्दो वनाउन SUTRA (स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली) मा आधारित राजश्व रसिदको प्रयोग गरी राजश्व चुहावटको सम्भावनालाई कम गरिदै लगिएको छ । जनप्रतिनिधि, नागरिक र कर्मचारीको समन्वय र सहकार्यद्वारा कवाडी लैजादा राजश्व छली गर्ने कार्यलाई निस्तेज पारी राजश्व संकलन कार्यलाई वस्तुगत र प्रभावकारी वनाइएको छ ।

५. सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री वनाउँदै लगिएको छ । फोहोरमैला व्यवस्थापन गर्नको लागि वडागत रुपमा ICIMOD र Clean UP Nepal सँगको सहकार्यमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरी सेवाग्राही र गाउँपालिकाको साझेदारीमा फोहोरमैला व्यवस्थापनको कार्य गरिने अभियान सुरु भएको छ । फोहोरमैला व्यवस्थापनको लागि सम्बन्धित वडाहरुलाई व्यवस्थित गर्न मालवाहक साधनको व्यवस्था गरिने छ ।

६. प्रारम्भिक वाल विकास कक्षा कोठालाई Building Energy Efficiency In Nepal नामक संस्थासँगको साझेदारी उर्जा प्रवलीकरण कार्य मार्फत न्यानो र वालमैत्री कक्षा कोठाको पुनर्निमाण गरिएको छ । यस गाउँपालिकामा रहेका दुई ओटा माध्यमिक तह पढाई हुने सामुदायिक विद्यालयमा विद्यार्थीहरुको आवतजावतलाई व्यवस्थित गर्न निशुल्क विद्यालय वसको व्यवस्था गरिएको छ । सामुदायिक विद्यालयमा अध्ययनरत विद्याथीहरुको लागि निशुल्क पोशाक एवम् शैक्षिक सामग्रीको व्यवस्था गरिएको छ । विद्यार्थी भाइवैनीहरुको पढाईको वातावरण व्यवस्थापन गर्न निशुल्क छात्रावासको अभ्यास गरिएको छ ।

७. वडा नं. ६ धुञ्चेमा रहेको वालमन्दिर प्राङ्गणलाई खेल मैदानको रुपमा विकास गर्ने कार्य द्रुत गतिमा अगाडि बढेको छ । तामाङ कल्चरल रेडपाण्डा पार्कमा फुटसल निर्माण भएको छ  त्यसले खेलकुदको वातावरण निर्माण गरिरहेको छ ।

८. नेपालको पहिलो तामाङ संग्रहालय व्यवस्थित र नियमित रुपमा संचालनको लागि जनशक्ति सहित आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

**गाउँ सभाका सदस्यहरु !**

९. राष्ट्रिय आवश्यकता र जनचाहाना अनुरुप लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवाद उन्मुख आर्थिक सामाजिक रुपान्तरणका लागि राजनीतिक स्थायीत्व, सुशासन, विकास र सामाजिक न्यायसहित **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षा पुरा गर्न यस गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रममा निम्न विषयलाई जोड दिनेछ ।

१०. संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरण गर्ने ।

११. स्वस्थ प्रतिस्पर्धा, आपसी संवाद, सहकार्य र सहअस्तित्वको नीतिमा राजनीतिक स्थायीत्वलाई निरन्तरता दिंदै नीतिगत स्थिरता सुनिश्चित गर्ने ।

१२. विकास निर्माणमा देखा परेका कमी कमजोरीलाई सुधार गर्न विकासको ढाँचा, गति र संस्कृति फेर्ने । काम नगर्ने र अनेक वहाना देखाउने निर्माण व्यवसायीलाई आवश्यक कारवाहीको प्रक्रिया अगाडि बढाउने ।

१३. विद्यालय शिक्षामा देखिएका चुनौतिहरु समाधान गर्न नीतिगत तथा कानूनी प्रवन्ध गर्ने । शिक्षण सिकाईलाई प्रभावकारी र गुणस्तरीय बनाउन प्रविधिमा आधारित शिक्षण सिकाई प्रक्रियालाई अगाडि बढाउँदै आवश्यक पहल कदम अघि बढाउने ।

१४. स्वास्थ्य सेवालाई सुलभ र पहुँचयोग्य वनाउन पूर्वाधार विस्तार गर्न गाउँपालिकामा दुई ओटा एम्वुलेन्सको व्यवस्था गरिएकोमा त्यसलाई प्रभावकारी रुपमा परिचालन गरी गोसाईकुण्ड गाउँपालिकावासीमा स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्ने । गोसाईकुण्ड गाउँपालिकावासीलाई स्वास्थ्य बीमा सेवामा आवद्ध गर्ने । समुदायमा आधारित मातृ तथा नवजात शिशु, बाल स्वास्थ्य हेरचाह र व्यवस्थापन सबलीकरण जस्तो वृहत परियोजना लाई प्रभावकारी रुपले कार्यान्वयन गरी स्वस्थ नागरिक, स्वस्थ भविष्य र स्वस्थ समाज एवम् राष्ट्रको आधार तयार गर्ने ।

१५. योजना तथा कार्यक्रमहरुलाई उद्यमशिलताको विकास, उत्पादन, उत्पादकत्व र रोजगारी सिर्जनामा केन्द्रित गर्ने । तीन तहको सरकारहरु विचको सहयोग, समन्वय र सहकार्यमा कृषिको व्यवसायीकरण र आधुनिकीकरण गर्नको लागि पूर्वाधार निर्माण गर्ने । कृषि र पशु क्षेत्रलाई अन्तरसम्बन्धित र परिपूरकको क्षेत्रको रुपमा विकास गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

१६. संविधानमा उल्लेखित सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकार सूचीका विकास कार्यक्रमहरु समन्वयात्मक रुपमा काम गर्ने । विकास कार्यक्रममा दोहोरोपना हटाउन समन्वय गर्दै एकीकृत रुपमा कार्यान्वयन गर्ने ।

१७. सोह्रौं योजनाको रणनीति अनुरुप सूचना प्रविधि, पर्यटन, कृषि, उर्जा र हरित औद्योगिकीकरणलाई रोजगारमुखी आर्थिक वृद्धि एवम् संरचनात्मक रुपान्तरणका नयाँ आधारका रुपमा कार्यान्वयन गर्दै सन् २०३० भित्र दिगो विकासको लक्ष्य हासिल गर्न स्थानीय तहको तर्फबाट योगदान पुर्याउने ।

१८. श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा खण्ड ७५) संख्या १ नेपाल राजपत्र भाग ५ मिति २०८२/०१/०१ गते राजपत्रमा प्रकाशित सूचना अनुसार प्रचलित कानून बमोजिम निवृत्तभरण पाउने व्यक्ति वाहेकलाई सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचीकृत गरी निजहरुले खाईपाई आएको तलवको कम्तिमा साठी प्रतिशतलाई आधारभूत तलब मानी त्यसको बिस प्रतिशत रोजगारदाताबाट र एघार प्रतिशत योगदानकर्ताको तर्फबाट जम्मा गर्नु पर्ने गरी सामाजिक सुरक्षा योजनामा सहभागी गराउने राष्ट्रिय अभियानलाई अनिवार्य रुपमा कार्यान्वयन गर्ने ।

**गाउँ सभाका सदस्यहरु !**

१९. अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमहरु यस गरिमामय गाउँ सभाको अधिवेशनमा प्रस्तुत गर्दछु । देशमा समाजवाद उन्मुख आर्थिक सामाजिक रुपान्तरणको लागि राजनीतिक स्थायित्व,

सुशासन, विकास र सामाजिक न्यायसहितको **समृद्ध नेपाल सुखी नेपाली**को राष्ट्रिय आकांक्षा पुरा गर्न  गोसाईकुण्ड गाउँपालिका प्रतिवद्ध रहेको छ । नेपाली जनताको सुख र समुन्नतीका लागि सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै नागरिकलाई प्रभावकारी रुपले सेवा प्रवाह गरी नागरिकमा राज्यप्रति आशा र भरोसा जगाउन गाउँपालिकाको आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम केन्द्रित रहेको छ ।

२०. स्थानीय तहको शासनलाई व्यवस्थित रुपले अभ्यास गर्दै संविधान कार्यान्वयन, सङ्घीयताको सवलीकरण, रोजगारी सिर्जना, उत्पादन र उत्पादकत्व वृद्धि, अर्थतन्त्रको सुधार र पुनरुत्थान, सवलीकरण, नागरिकमैत्री शासन, सार्वजनिक सेवा प्रवाहमा सुधार र सवलीकरण, सुशासन प्रवर्द्धन प्रणालीको स्थापना तथा भष्ट्राचार नियन्त्रण जस्ता विषयहरु यस गाउँपालिकाको आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमको मुख्य प्राथमिकतामा रहेका छन् ।

### क) आर्थिक विकास नीति

कृषि, पशुपन्छी, उद्योग तथा पर्यटन व्यवसायको सुदृढीकरण गर्दै  उत्पादनमा अभिवृद्धि गरी किसानहरुको आर्थिक अवस्थालाई  मजवुत वनाउने र पर्यटन प्रवर्द्धन गरी आय आर्जनमा वृद्धि गर्न आत्मनिर्भर, दिगो र फराकिलो आर्थिक विकास नीति लिइनेछ ।

### उद्योग, पर्यटन व्यवसाय एवम् वन तथा वातावरण कार्यनीति

२१. स्थानीय तहमा आर्थिक सशक्तीकरण तथा व्यवसाय सीप, उद्यमशीलता तथा औद्योगिक प्रवर्द्धन, विशिष्टीकृत वस्तु उत्पादन, रोजगारी वृद्धि गरी स्थानीय वासिन्दाको आर्थिक अवस्था सुदृढ गरिनेछ ।

२२. "हाम्रो उत्पादन हाम्रो स्वाभिमान" अन्तर्गत स्थानीय उत्पादनलाई प्रवर्द्धन र उपयोग गरिनेछ । रोजगारी र उद्यमशिलता उन्मुख स्वरोजगारका लागि सीप पूँजी र व्यवसायिक तालिम उपलब्ध गराइनेछ ।

२३. परम्परागत सीपहरुको संरक्षण प्रवर्द्धन तथा नागरिकको जीविकोपार्जनलाई मजवुत वनाउन स्थानीय परम्परागत सामाग्री एवम् उत्पादनलाई व्रान्डिङ गर्न आवश्यक समन्वय एवम् नीतिगत व्यवस्था गरिनेछ ।

२४. "घुमौं गोसाईकुण्ड र लाङटाङ चिनौं गोसाईकुण्ड गाउँपालिका" भन्ने नाराका साथ गाउँपालिका भित्रका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको पहिचान अभिलेखीकरण डकुमेन्ट्री मोवाइल एपको निर्माण लगायत प्रविधिको प्रयोग गरी कृषि एवम् पर्यटन क्षेत्रलाई डिजिटलाईजेशन गरिनेछ ।

२५. होटल व्यवसायलाई अझै मर्यादित र व्यवस्थि बनाइने नीति लिइनेछ । स्थानीय उत्पादन र पहिचानलाई प्राथमिकतामा राख्न व्यवसायीहरुलाई उत्प्रेरित गरिनेछ ।

२६. नयाँ पर्यटन पदमार्गको खोजी तथा हाल सञ्चालनमा रहेका पदमार्गहरुको प्रचार प्रसार एवम् प्रवर्द्धनमा जोड दिइनेछ । पर्यटन प्रवर्द्धनको लागि पर्यटन बोर्डसँगको साझेदारीमा पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२७. परम्परागत मौलिकता एवम् सामाग्रीको प्रयोग गरी स्थानीय संस्कृति झल्कने गरी निर्माण गरिने संरचनामा सहुलियत प्रदान गरिने नीति अवलम्वन गरिनेछ ।

२८. गाउँपालिका भित्रका प्राकृतिक, सामाजिक एवम् सांस्कृतिक स्थलहरुको सहज यात्राका लागि सङ्केत एवम् निर्देशन बोर्डको प्रयोग मार्फत पर्यटकहरुलाई सहायता प्रदान गरिनेछ ।

२९.	पर्यटन र उद्योग प्रवर्द्धनको लागि आगामी आ.व. मा उद्योग एवम् पर्यटन डेष्क एवम् शाखाको व्यवस्थापन गरिनेछ ।

३०.	लाङटाङ गोसाईकुण्ड पर्यटन प्रवर्द्धन महोत्सव कार्यक्रम आयोजना गरिनेछ ।

३१.	तामाङ संग्रहालयको संरक्षण र प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि आवश्यक वजेटको व्यवस्थापन गरिनेछ ।

३२.	स्थानीय स्तरमा उत्पादित सामाग्रीहरुको प्रवर्द्धन र प्रोत्साहन एवम् वजारीकरणको लागि संकलन केन्द्रहरुको स्थापना गरी आवश्यकता अनुसारका कोशेली घरल सञ्चालनमा ल्याइनेछ ।

३३.	फोहोरमैला व्यवस्थापनका लागि आवश्यक तयारी एवम् कार्यविधि तयार गरी साझेदारीमा आधारित कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

३४.	वन तथा वातावरणको संरक्षण एवम् डढेलो नियन्त्रण कार्यक्रम सञ्चालनको लागि दलकल खरिद प्रक्रियालाई अगाडि ल्याइनेछ ।

३५.	डढेलो नियन्त्रणको आधुनिक र उच्चतम क्षमताको ड्रोन खरिद प्रक्रिलाई अगाडि बढाइनेछ ।

**कृषि विकास कार्यनीति**

३६.	उत्पादित वस्तुको वजार सुनिश्चितताको लागि सङ्घ तथा प्रदेश सरकारसँगको समन्वयमा वजारीकरणको लागि आवश्यक कार्यक्रम लागु गरिनेछ ।

३७.	सबै वडाहरुमा कृषि ईकाइ स्थापना गरी सम्पूर्ण कृषकहरुको लागि कृषि प्राविधिकको पहुँचलाई सुनिश्चितता प्रदान गरिनेछ ।

३८.	गाउँपालिका भित्रका सबै वडाका टोल टोलहरुमा हप्तामा एकपटक कृषि सम्बन्धी समस्याको कृषकहरुको गुनासो सुन्ने व्यवस्था गरिनेछ ।

३९.	बिउविजन फलफूलका विरुवा, पुष्प खेति तथा जैविक विषादी अनुदान, च्याउ खेतिमा अनुदान नीतिलाई निरन्तरता दिइनेछ । विउविजन वितरणका

लागि निश्चित समय तालिका वनाएर उपयुक्त समयमा उपयुक्त विउविजन उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

४०. एक विद्यालय एक करेसावारी कार्यक्रम मार्फत सरकारी विद्यालय छनौट गरी विद्यालयको खाली रहेको जग्गामा विभिन्न कृषि कार्यक्रम सञ्चालन गरी पढदै कमाउदै कार्यक्रम लागु गरी आगामी बर्षहरुमा कृषि प्राविधिक विद्यालय स्थापना गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

४१. उच्च घनत्वको स्याउ खेतिलाई गाउँपालिकाको चिनारीको रुपमा विस्तार गरिनेछ ।

४२. बर्षैभरि मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्नको लागि प्रत्येक वडामा ग्रिल सहितको प्लाष्टिक घर निर्माणलाई निरन्तरता दिइनेछ ।

४३. वैज्ञानिक खेतिका लागि माटोको उर्वरा शक्ति कायम राख्दै माटोको परिक्षण ल्याव सेवा, वायोचार निर्माण कार्यक्रम सञ्चालनमा गड्यौला, भर्मि कम्पोष्ट, कम्पोष्ट मल ल्याई दिगो कृषि उत्पादनको सुनिश्चितता गरिनेछ ।

४४. कृषकलाई समयानुकूल ज्ञान, सीप तथा क्षमता विकासको लागि निःशुल्क तालिमको व्यवस्था मिलाइनेछ । त्यस्तो तालिम प्राप्त गरिसकेपछि अनिवार्य रुपमा कृषि व्यवसाय गर्न कबूल गराइनेछ ।

४५. कृषकहरुको जाँगर एवम् मनोवल बृद्धि गर्न उत्कृष्ट कृषकलाई पुरस्कार तथा प्रमाण पत्रको व्यवस्थापन गरिनेछ ।

४६. भूगोल र हावापानी सुहाउँदो जातको मौरी पालनलाई व्यवस्थित गर्न मौरी पालन समूह गठन गरी मौरी पालन व्यवसायलाई प्रवर्द्धन र विस्तार गरिनेछ ।

४७. कृषि प्राविधिक विस्तारको लागि मल्चिङ्ग प्लाष्टिक थोपा सिचाई कार्यक्रम सञ्चालन गरिनेछ ।

४८. कृषि विकास क्षेत्रमा उत्पादनमा आधारित प्रोत्साहन गर्न आवश्यक पर्ने क्षेत्रहरुको पहिचान गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४९. गरिव, दलित, महिला र अपाङ्गता भएका व्यक्ति तथा परिवारका सदस्यहरुलाई समूहमा आवद्धता गराई फलफुल र बिउबिजन वितरणमा अनुदानको व्यवस्था गरिनेछ ।

५०. कृषकको आवश्यकता अनुसारको अन्तर जिल्ला स्तरीय कृषक अध्ययन अवलोकलन भ्रमणको व्यवस्था गरिनेछ ।

५१. कृषियोग्य भूमिको पूर्ण उपयोग सुनिश्चित गर्न गाउँपालिका भित्र रहेका कुनै पनि कृषियोग्य जमिन बाँझो राख्न दिइने छैन । बाँझो जमिनमा खेति गर्न चाहने जो कोही किसानलाई उत्पादनको मात्राको आधारमा अनुदान दिने व्यवस्था गरिनेछ ।

५२. बाली संरक्षण गर्न कृषि बिमा प्लान्ट क्लिनिक आई विषादी, पिएम कार्यक्रम, वैज्ञानिक प्रयोग तथा मानव स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

५३. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कृषि यन्त्र उपकरणहरु कृषक समक्ष पुर्याउन कृषि यन्त्र उपकरणमा अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

५४. **किसानको ध्यान कृषि प्राविधिकको ज्ञान** कार्यक्रम मार्फत कृषकहरुको अनुभव र गाउँपालिका कृषि विकास शाखाको प्राविधिक जनशक्तिको सहयोगमा स्थानीय स्तरमै तालिम सञ्चालन गरिने छ ।

५५. आगामी आ.व. २०८२/०८३ बाट कृषक पाठशाला सञ्चालन प्रक्रियालाई सुरुवातको रुपमा सञ्चालन गरिनेछ ।

५६. प्राङ्गारिक मल प्रयोगलाई प्रोत्साहित गरी प्राङ्गारिक मल प्रयोग गर्ने कृषकलाई प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराईनेछ ।

## <u>पशु सेवा कार्यनीति</u>

५७. वडाहरुमा भएका पशु सेवा इकाईहरुको व्यवस्थापन तथा इकाई नभएका वडाहरुमा पशु सेवा इकाई स्थापना गरी सम्पूर्ण पशुपालक कृषकहरुको लागि पशु प्राविधिकको पहुँचलाई सुनिश्चितता प्रदान गरिने छ ।

५८. गाउँपालिका भित्रका सबै वडाका टोल टोलहरुमा हप्तामा एकपटक पशु चौपाया सम्बन्धी समस्याको कृषकहरुको गुनासो सुन्ने व्यवस्था गरिनेछ ।

५९. विभिन्न संक्रामक रोगहरु विरुद्ध निशुल्क खोप तथा औषधि वितरणमा निरन्तरता दिइने छ ।

६०. स्थानीय स्तरमा पशुपालन व्यवसाय प्रवर्द्धन गर्न पशु प्रयोगशालाको स्थापना तथा व्यवस्थापन गरिनेछ ।

६१. कृषकहरुको लागि क्षमता अभिबृद्धिको कार्यक्रम सञ्चालन गरिनेछ ।

६२. विद्यालय स्तरमा इपिडियोमोलोजिकल तथा जुनोटिक रोगहरुसँग सम्बन्धित जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६३. रेविज मुक्त गाउँपालिका निर्माण गर्न रेविज रोग विरुद्ध निःशुल्क खोप तथा कुकुरहरुमा स्थाई बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

६४. पशु नश्ल सुधारका कार्यक्रमलाई थप प्रभाबकारी बनाई निरन्तरता दिईनेछ ।

६५. पशुपालक कृषकहरुलाई प्रोत्साहन तथा मनोवल बृद्धि गर्न उत्कृष्ट पशुपालक कृषकहरुलाई पुरस्कार तथा प्रमाण पत्रको व्यवस्थापन गरिनेछ ।

६६. आर्थिक अवस्था कमजोर भएका रोजगारी नभएका दलित, गरिव तथा विपन्न परिवारको आय आर्जनमा वृद्धि गरी जीवनस्तर सहज र गुणस्तरीय वनाउन निर्वाहमूखी पशुपन्छि पालन कार्यक्रम सञ्चालन गरिनेछ ।

६७. पशुपालन व्यवसाय प्रवर्द्धन गर्न ५० लागत साझेदारीमा बिभिन्न कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ ।

६८. एक स्वास्थ्य रणनीति अन्तर्गत पशुपन्छिबाट मानिस तथा मानिसबाट पशुपन्छिमा सर्न सक्ने रोगहरुको बारेमा जनचेतना अभिवृद्धि गर्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ ।

६९. बैदेशिक रोजारबाट फर्केका युवाहरुलाई पशुपालन व्यवसाय गर्न प्रोत्साहन गरिनेछ ।

७०. गाउँपालिकाभित्र व्यवसायिक रुपमा चौरीपालन, मत्स्यपालन (रेन्वो ट्राउट), वाख्रा/भेडा पालन गरिरहेका विभिन्न फर्महरुको डकुमेन्ट्रीको निर्माण र प्रचार प्रसारका माध्यमवाट एग्रो टुरिजम प्रवर्द्धन र वजार सुनिश्चितताको लागि जोड दिइनेछ ।

७१. चौंरीपालन व्यवसाय प्रवर्द्धन गर्न खर्क सुधारका कार्यक्रम लागु गरिनेछ ।

## क) सामाजिक विकास नीति

शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षामा गाउँपालिकावासीको सर्वसुलभ पहुँच स्थापित गर्न सर्वपक्षीय समन्वय, सहकार्य र सहयोग मार्फत कार्यक्रम सञ्चालन गरी गाउँपालिकालाई लोककल्याणकारी गाउँपालिकाको रुपमा विकास गरिने सामाजिक विकास नीति लिइनेछ ।

### शिक्षा युवा तथा खेलकुद कार्यनीति

"अनिवार्य तथा नि:शुल्क शिक्षा र शैक्षिक गुणस्तर, गोसाईकुण्ड गाउँपालिकाको समृद्धिको आधार"

७२. चुनावी घोषणा पत्रमा गरिएको प्रतिवद्धता कार्यान्वयनका लागि शिक्षालाई पूर्ण:अनिवार्य तथा नि:शुल्क बनाइनेछ । **शून्य लागतमा शिक्षा**

अवधारणा कार्यान्वयन गर्न गाउँपालिकाले प्रदान गर्दै आएको नि:शुल्क पोसाक एवम् शैक्षिक सामग्री वितरण कार्यलाई निरन्तरता दिइने छ ।

७३. शैक्षिक सत्र २०८२ लाई “शैक्षिक गुणस्तर सुधार बर्ष”का रुपमा घोषणा गरिनेछ । यसको कार्यान्वयनका लागि वडा कार्यालय एवम् विद्यालय व्यवस्थापन समितिसँगको समन्वयमा विद्यालयको भौतिक एवम् शैक्षिक सुधारका साथै अनुगमन निरीक्षणलाई प्रभावकारी बनाइनेछ ।

७४. गाउँपालिकाभित्र सञ्चालित न्यून विद्यार्थी सङ्ख्या भएका विद्यालयमा बहुकक्षा शिक्षण गर्ने व्यवस्था गरिनेछ । भौगोलिक दुरीको आधारमा न्यून विद्यार्थी सङ्ख्या भएका विद्यालयहरुमा बाल विकास कक्षा मात्र सञ्चालन गरी कक्षा १ देखि नै **“मेघा विद्यालय”** को अवधारणा अनुसार केन्द्र विद्यालय कायम गरी छात्रावास सहितको पठन पाठनको व्यवस्थालाई थप व्यवस्थित गरिदै लगिनेछ ।

७५. स्थानीय पाठ्यक्रम लाङटाङ सेरोफेरो (कक्षा १-५) सम्म संशोधन र कक्षा ६-८ सम्म विस्तार गरिएको छ । त्यसलाई थप व्यवस्थित गरी सामुदायिक एवम् संस्थागत विद्यालयहरुमा निःशुल्क वितरण गरी शिक्षामा स्थानीय ज्ञान र संस्कृतिको निर्माण गरिनेछ ।

७६. आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग शिक्षालाई जोडिनेछ । शिक्षकलाई सूचना तथा सञ्चार प्रविधिसँग परिचित गराई नवीन अवधारणा अनुसार शिक्षण सिकाई गर्न विद्यार्थीको परिमाण र शिक्षण सिकाईको गुणस्तरीयताको आधारमा पाइलटिङको रुपमा एक विद्यालय- एक शिक्षक- एक ल्याप्टप कार्यक्रम परीक्षणको रुपमा लागु गरिनेछ ।

७७. गाउँपालिकाको शैक्षिक गुणस्तरलाई सुधार गर्न **गा.पा.अध्यक्ष शैक्षिक सुधार कार्यक्रम** लाई निरन्तरता दिइनेछ भने विद्यालयको कार्यसम्पादनका आधारमा विद्यालयलाई थप आर्थिक अनुदान वितरणको व्यवस्था मिलाइनेछ ।

७८. भौगोलिक रुपमा विद्यालयबाट टाढा बसोबास गर्ने विद्यार्थीका लागि नि:शुल्क रुपमा **विद्यालय बस**को व्यवस्थालाई व्यवस्थित रुपमा सञ्चालनका लागि कार्यविधि बनाई नियमित रुपमा सञ्चालनमा रहने व्यवस्था मिलाइनेछ ।

७९. विद्यार्थी सङख्याको आधारमा पूर्व प्राथमिक तह (ECD) लाई अनिवार्य रुपमा प्रि १ र प्रि २ गरी बिभाजन गरी अङ्ग्रेजी माध्यममा पठन पाठन सुचारु गरिनेछ । बाल विकास देखि कक्षा ३ सम्म अङ्ग्रेजी माध्यमबाट शिक्षण गर्ने विद्यालयलाई थप सहायता प्रदान गरिनेछ । यस कार्यका लागि शिक्षक अङग्रेजी विषयमा दक्षता हासिल गरेका व्यक्तिहरुलाई स्वयमसेवक शिक्षकको रुपमा परिचाल गरी शैक्षिक गुणस्तर सुधार गर्नुका साथै युवालाई सेवा भावप्रति अग्रसर गराइनेछ ।

८०. "स्वस्थ विद्यार्थी- स्वस्थ घर -स्वस्थ पालिका -हाम्रो रहर" भन्ने नाराका साथ स्वास्थ्य शाखासँगको समन्वयमा सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको नियमित रुपमा स्वास्थ्य परीक्षण र स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

८१. गाउँपालिका भित्र सञ्चालित संस्थागत विद्यालय एवम् छात्रावासको नियमन गरी कानून सम्मत रुपमा सञ्चालनको व्यवस्था मिलाउनुका साथै आर्थिक पारदर्शिता कायम गरिनेछ ।

८२. शिक्षा क्षेत्रका सबै किसिमका छात्रवृत्तिहरु एकद्वार प्रणाली मार्फत वितरण गर्ने प्रबन्ध मिलाइनेछ । विभिन्न आयोजना, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुले दिने विद्यालय सहायता एवम् छात्रवृत्तिलाई समेत समाज कल्याण परिषदसँगको समन्वयमा एकद्वार प्रणालीबाट लागु हुने व्यवस्था मिलाईनेछ ।

८३. **उपाध्यक्षसँग किशोरी कार्यक्रम** सञ्चालन गरी किशोरीहरु प्रतिरक्षा लगायतका कार्यक्रम सञ्चालन गरी शारीरिक तथा मानशिक रुपमा सबल र शसक्त बनाइनेछ ।

८४. विद्यार्थीहरुमा सङ्घीयता र स्थानीय सरकार गठन, कार्यसञ्चालन लगायतका विषयमा सुशिक्षित गराई राजनीतिक जागरण गराउने उद्देश्यले उपाध्यक्षसँग संसदीय अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ ।

८५. पालिकाभरिका शिक्षक तथा कर्मचारीहरुलाई पुल दरबन्दी कायम गरी कार्यसम्पादन एवम् औचित्यताका आधारमा कामकाजका लागि खटाइने व्यवस्था गरिनेछ ।

८६. स्थानीय उत्पादनको प्रर्वद्धन, विद्यार्थीको पोषण सुधार र विद्यार्थीलाई स्थानीय आवश्यकता अनुसारको सीप विकास एवम् श्रम संस्कृतिको विकास गर्न कृषि शाखाको समन्वयमा करेसावारीको उत्पादनलाई विद्यार्थी दिवा खाजामा उपयोग गरिने नीति लिइनेछ ।

८७. विद्यालयलाई सिकाइ केन्द्रको रुपमा विकास गरिनेछ । बाल विकास केन्द्रको सुदृढीकरण गरी प्रविधिमैत्री बनाइनेछ ।

८८. प्रधानाध्यापक, शिक्षक एवम् कर्मचारी प्रोत्साहनका लागि शुक्रवारीय क्रियाकलापमा पालिका एवम् विद्यालयको पहिचान सहितको शिक्षक पोसाकमा एकरुपता ल्याइनेछ ।

८९. विद्यालय सुशासन कायम गर्न विद्यालय लेखा प्रणालीमा सुधार गरिनेछ । सामुदायिक तथा संस्थागत विद्यालयको लेखापरीक्षण निश्चित मापदण्ड तोकी पालिका मार्फत तोकिएका लेखापरीक्षकबाट गर्ने व्यवस्था मिलाई आर्थिक पारदर्शिता कायम गरिनेछ ।

९०. बालबालिकाको चौतर्फी विकासका लागि अतिरिक्त क्रियाकलापलाई नियमित रुपमा सञ्चालन गरी प्रतिभा प्रष्फुटनको अवसर प्रदान गरिनेछ । विद्यालयलाई संस्कृति संरक्षणको केन्द्रको रुपमा विकास गर्न साँस्कृतिक नृत्य, गायन लगायतका कार्यक्रम सञ्चालन र त्यसका लागि आवश्यक पोसाक लगायतका सामग्रीहरुको व्यवस्थापन मिलाइनेछ ।

९१. नतिजा तथा कार्यसम्पादनका आधारमा उत्कृष्ट विद्यार्थी ,शिक्षक ,प्रधानाध्यापक तथा विद्यालयलाई पुरस्कृत गरी शिक्षण सिकाइमा थप उर्जा प्रदान गरिनेछ ।

९२. करार, राहत तथा अस्थायी दरबन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरी औचित्यताका आधारमा करार सम्झौता थप गर्ने र कार्यसम्पादनमा कमजोर देखिएमा करार सम्झौता नवीकरण नगरी नयाँ जनशक्तिको व्यवस्थापन गरिनेछ ।

९३. विद्यालयलाई प्रविधिमैत्री बनाउन इन्टरनेट तथा सिसि क्यामेराको व्यवस्थापन गरिनेछ ।

९४. पालिका भित्र अनिवार्य विषयहरुको रोष्टर निर्माण गरी शैक्षिक गतिविधिलाई चलायमान बनाइनेछ ।

९५. समुदाय र विद्यालयको साझेदारीमा विद्यालय हरियाली कार्यक्रम सञ्चालन गरी विद्यालयमा हरियाली प्रवर्द्धन गरिनेछ ।

९६. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरी विद्यालयको विकास निर्माणमा सक्रिय बनाइनेछ ।

९७. विद्यालयमा संचालन हुने त्रैमासिक परीक्षा र बार्षिक परीक्षा पालिकास्तरीय रुपमा संचालन गरिने नीतिलाई निरन्तरता दिइनेछ । कक्षा मासिक रुपमा १ विद्यालय छनौट गरी सबै कक्षाको पालिकास्तरीय सिकाइ उपलब्धी स्तर मापन गरिनेछ र उक्त सिकाइ उपलब्धी स्तरलाई शिक्षक प्रोत्साहनको सूचकको रुपमा उपयोग गरिनेछ ।

९८. विपन्न, टुहुरा, अशक्त एवम् शैक्षिक सहायता आवश्यक पर्ने विद्यार्थीहरुका लागि पालिका अध्यक्ष छात्रवृत्ति कार्यक्रम मार्फत विद्यालय तहदेखि विश्व विद्यालयतह सम्मको शिक्षामा पहूँच सुनिश्चित गरिनेछ । युवा तथा खेलकुदलाई विषेश प्राथमिकतामा राख्दै युवा प्रतिभा पहिचान एवम् खेलकुद हबका रुपमा पालिकालाई विकास गरिनेछ ।

९९. शैक्षिक गुणस्तरमा सुधार ल्याउन गाउँपालिकाले प्रधानाध्यापक र विद्यालयका प्रधानाध्यापकले अन्य विषयगत शिक्षकसँग कार्य सम्पादन करार गर्ने र उपलब्धी सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाइनेछ । उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालयलाई नमूना विद्यालयका रुपमा विकास गरिनेछ ।

१००. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायीक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउदै सक्षम, प्रतिस्पर्धी बनाउनका लागि संघीय र प्रादेशिक कानून बमोजिम शिक्षक पदपूर्ती तथा व्यवस्थापन गरिदै लगिनेछ ।

१०१. मातृभाषामा शिक्षा तथा विभिन्न अपांगता भएका व्यक्तिहरुलाई अनिवार्य शिक्षा व्यवस्थाका लागि भाषिक अवस्था र अपाङ्गता पहिचान गर्न भाषिक तथा अपांगता सर्वेक्षण गरिनेछ ।

१०२. शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन कक्षा कोठामा डिजिटल प्रविधिको प्रयोगलाई प्रोत्साहित गरिनेछ त्यसका लागि ICT क्षमता विकास तालिम लगायतका कार्यक्रमा सञ्चालन गरिनेछ ।

१०३. शैक्षिक सुधारको लागि निर्माण गरिएको गाउँ शिक्षा योजनालाई समयानुकूल परिमार्जन  गरिनेछ ।

१०४. सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरुको पेशागत विकासको लागि तालिम, गोष्ठी तथा सेमिनार जस्ता कार्यक्रमलाई मितव्ययी ढंगबाट संचालन गरिनेछ ।

१०५. युवालाई रोजगारी सिर्जना गर्न प्लम्बर, ब्युटिसियन लगायतको छोटा अवधिको तालिम सञ्चालन गरी रोजगारीका क्षेत्र पहिचान एवम् युवा सहायत कार्यक्रम सञ्चालन गरिनेछ ।

१०६. खेलकूद विकास र खेलाडी उत्पादनका लागि पालिका अध्यक्ष कप, राप्ट्रपति रनिङ्ग शिल्ड एवम् विद्यालय स्तरबाट नै खेलकूद सम्बन्धी गतिविधिलाई चलायमान बनाई खेल हव पालिका रुपमा विकास गरिनेछ ।

१०७. खेलकुद विकास कार्यविधि २०८१ मा भएको व्यवस्था बमोजिम गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरी खेलकुदमा युवा सहभागिता तथा पालिका, जिल्ला, प्रदेश एवम् राष्ट्रिय स्तरका विभिन्न प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई सम्मान र पुरस्कारको व्यवस्था गरिनेछ । खेलकुदका लागि विनियोजित बजेटबाट व्यायाम तथा खेल सामग्रीहरुको व्यवस्थापन र विभिन्न खेलका स्थानीय प्रतियोगिताहरु सञ्चालन गरिनेछ ।

१०८. विद्यालय सुधार कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गर्न आवश्यक अनुदान उपलब्ध गराइनेछ ।

१०९. सार्वजनिक निजी साझेदारीको मोडल अनुसार माउन्टेरिङ स्कुल कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

## स्वास्थ्य सेवा कार्यनीति

११०. पालिकावासीहरुको आधारभुत स्वास्थ्य सेवाको सहज पहुँचका लागि सम्पूर्ण वडामा स्थापना भई संचालनमा रहेका स्वास्थ्य संस्थाहरुको सुदृढीकरण गर्दै लगिनेछ ।

१११. समुदाय स्तरमा स्वास्थ्य सेवाको सहज पहुँचका लागि स्थापना भएका गाउँ घर क्लिनिक र वाह्य खोप क्लिनिकलाई व्यवस्थित गर्दै लगिनेछ ।

११२. विपन्न नागरिकहरुका लागि उपलब्ध गराउदै आएको स्वास्थ्य उपचार सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११३. वडा नं. ५ स्याफ्रुबेशी स्वास्थ्य चौकीमा निशुल्क रुपमा उपलब्ध भईरहेको प्याथोलोजी ल्याव सेवालाई निरन्तरता दिइनेछ ।

११४. मानसिक स्वास्थ्य तथा नसर्ने रोग संग सम्वन्धित रोगीहरुले नियमित सेवन गर्ने औषधि गाउँपालिकावाट विशेष व्यवस्था गरी स्वास्थ्य संस्था वाट उपलब्ध गराईनेछ ।

११५. गाउँपालिका वढ्दै गएको सर्ने तथा नसर्ने रोगको न्यूनिकरणको लागि समुदाय स्तरमा **पालिका अध्यक्ष** स्वास्थ्य परिक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

११६. नागरिक आरोग्यता प्रबर्धन गर्न उपयुक्त आहार, बिहार, ध्यान, योग, प्राणायाम आदिबारे बिद्यालय तह समेतमा सचेतना कार्यक्रमहरु मार्फत निरोगी बन्न प्रोत्साहित गरिनेछ । आयुर्वेदिक बैकल्पिक औषधि उपचार पद्दति सोवारिक्पा (आम्ची) सम्बन्धी कार्यक्रमलाई संचालनमा ल्याईने छ ।

११७. एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७९ अनुरुप दुई ओटा एम्बुलेन्स मार्फत गर्भवती महिला र जेष्ठ नागरिकलाई अस्पताल सम्म सहज पहुँचका लागी निशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

११८. **पालिका उपाध्यक्ष** कार्यक्रम मार्फत गर्भवती सुत्केरी लाई दिदै आएको प्रोत्साहन रकमलाई निरन्तर्ता दिईने छ । साथै ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ । महिलाहरुको प्रजनन स्वास्थ्यलाई विशेष प्राथामिकतामा राखी मातृ तथा वाल स्वास्थ्य सेवालाई थप सुद्धिढ वनाईने छ साथै पाठेघर मुखको क्यान्सर, आङ खस्ने लगायतका रोगहरुका पहिचानको लागि स्क्रिनिङ क्याम्पलाई निरन्तरता दिइनेछ ।

११९. सरकारी तथा गैरसरकारी संघसंस्थाको साझेदारीमा रोगको निदान तथा उपचार गर्नको लागि विशेषज्ञसहितको स्वास्थ्य शिविर संचालन गरिनेछ ।

१२०. स्वास्थ्यकर्मी तथा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको दक्षता विकासको लागि क्षमता अभिवृद्धि गरी उनीहरुको सेवालाई थप प्रभावकारी वनाईनेछ । साथै ६० वर्ष उमेर पुरा गरेका सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई सम्मानजनक विदाईको लागि विशेष प्याकेजको व्यवस्था गरिनेछ ।

१२१. हाल प्रदेश अन्तर्गतको अस्पतालवाट मात्र निशुल्क प्रदान गरिदै आएको रेविज टि.टि. भ्याक्सिन गाउँपालिका अन्तर्गतको सवै स्वास्थ्य संस्थाबाट निःशुल्क उपलब्ध गर्ने व्यवस्था मिलाइनेछ ।

१२२. सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि नियमित स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

१२३. करार सेवामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन स्वरुप सामाजिक सुरक्षालाई सुदृढ वनाउन कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

१२४. जेष्ठ नागरिक तथा अपाङ्ग व्यक्तिहरुलाई निमोनिया लगायत चिसोवाट हुने रोग बिरुद्धको खोप निःशुल्क लगाईनेछ ।

१२५. बागमती प्रदेश सरकारसँगको लागत साझेदारीमा हेल्दी पालिका कार्यक्रम सञ्चालन गरी गाउँपालिकालाई हेल्दी गाउँपालिकाको रुपमा विस्तार गरिनेछ ।

**लैंगिक समानता तथा सामाजिक समावेशिकरण कार्यनीति**

१२६. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैंगिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण (GESI AUDIT) गर्ने व्यवस्था मिलाईनेछ ।

१२७. ऐतिहासिक कालदेखि जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजी लगानी सहयोग गरिनेछ ।

१२८. अपाङ्गता पुनस्थापनाको लागि पुनर्स्थापन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२९. “हिंसा मुक्त गाउँपालिका” हाम्रो पहिचान अभियान सञ्चालन गरी सवै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति लिइनेछ ।

१३०. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिष्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३१. लैंगिक समानता तथा सामाजिक समावेशीकरण संस्थागत गर्दै समावेशी विकासको प्रवर्द्धन गर्न लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१३२. महिलाहरुको सशक्तीकरण तथा समावेशीकरणका लागि संस्थागत सहभागिता अभिवृद्धि गर्दै क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । लक्षित वर्ग पहिचान गरी शिक्षा स्वास्थ्य एवम् रोजगारीमा प्राथमिकता प्रदान गरिनेछ ।

१३३. उद्यम व्यवसायमा संलग्न महिला व्यवसायीहरुको व्यवसाय प्रवर्द्धनका लागि व्यवसायिक महिला समूह निर्माण तथा व्यवसाय स्थापन तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

१३४. लैंगिकतामा आधारित सवै प्रकारका हिंसालाई निरुत्साहित गर्न र हिंसा पीडित तथा किशोरीहरुलाई सहज तथा दीर्घकालिन सहायता कार्यक्रम सञ्चालन गरिनेछ ।

१३५. **ज्येष्ठ नागरिकलाई सम्मानः** सम्मानित ज्येष्ठ नागरिक हाम्रो अभियान अन्तर्गत सवै ज्येष्ठ नागरिक सेवा केन्द्र सञ्चालन तथा ज्येष्ठ नागरिक सहायता एवम् सम्मान कार्यक्रम सञ्चालन गरिनेछ भने जेष्ठ नागरिक, एकल महिला/पुरुष, अपाङ्ग र सेवा निवृत्तहरु लक्षित गृह कार्यक्रम संचालन गरिने छ । ज्येष्ठ नागरिकहरुवीचमा भेटघाट, अनुभव बाँड्न र सिर्जनात्मक कार्य गर्न ज्येष्ठ नागरिकको लागि जोमखाङ कार्यक्रम सञ्चालन गरिनेछ ।

१३६. अपाङ्गता भएका व्यक्तिहरुको सम्मानित र सहज जीवनयापनका लागि परिवार तथा समुदाय सचेतीकरण कार्यक्रम तथा अपाङ्ग संरक्षण तथा सम्वर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

१३७. जनजातिहरुको भाषा, लिपि र संस्कृतिको जगेर्ना गर्दै मौलिक इतिहास र संस्कृतिको संरक्षण, सम्वर्द्धन र लिपिवद्ध गरिनेछ ।

१३८. दलित समुदाय लक्षित सीप विकास, उद्यमशीलता विकास, क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकाभित्र दलित समुदायले परम्परागत रुपमा गर्दै आइरहेको पेशाको निरन्तरता, आधुनिकीकरण, व्यवसायीकरण एवम् स्वरोजगारमूलक तथा सीपमूलक कार्यक्रमको लागि आवश्यक पहल गरिनेछ ।

१३९. सवै प्रकारको हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति लिइनेछ ।

१४०. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।

१४१. छुवाछुत एवम् वालविवाहमुक्त गाउँपालिका वनाउने नीतिलाई कार्यान्वियन गर्दै लगिनेछ ।

१४२. अपाङ्गमैत्री सार्वजनिक स्थल र भौतिक पूर्वाधारको निर्माण गरिनेछ ।

## ख) सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र नीति

‘व्यावसायिक र सिर्जनशील प्रशासनः समृद्धि र सुशासन’ को अवधारणालाई अवलम्बन गर्दै सार्वजनिक सेवालाई उत्तरदायी, पारदर्शी, जवाफदेही, दिगो एवम् परिणाममूखी वनाउन सूचना प्रवाहलाई प्रमुख माध्यमको रुपमा विकास गरी कार्य सम्पादन गर्ने नीति लिइनेछ ।

### सुशासन तथा संस्थागत विकास कार्यनीति

१४३. सदाचारिता प्रवर्द्धन र गुणस्तरीय सेवा मार्फत सुशासनको प्रत्याभुति गर्नका लागि वडा कार्यालयहरुलाई पूर्वाधार सम्पन्न वनाई सेवाग्राहीमैत्री वनाइनेछ ।

१४४. वडा-वडामा घुम्ती शिविर सञ्चालन गरी राष्ट्रिय परिचय वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

१४५. वायोमेट्रिक प्रविधिद्वारा वडा वडामा सामाजिक सुरक्षा भत्ताको नविकरण गरिनेछ ।

१४६. भ्रष्टाचार र अनियमितता विरुद्ध शुन्य सहनशीलताको नीति अपनाइनेछ । बेरुजु र अनियमितता रोक्न स्थानीय सदाचार नीति र कानून वनाई कार्यान्वयन गरिनेछ । आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाइनेछ । स्थानीय लेखा समितिलाई सक्रिय वनाई वेरुजु फछ्र्यौटको कार्यलाई अगाडि बढाइनेछ ।

१४७. सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक सुनुवाई र वार्षिक समीक्षा कार्यक्रम गरिनेछ ।

१४८. करारमा कार्यरत कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य रुपमा आवद्ध गरिनेछ ।

१४९. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक वनाउँदै सेवा प्रवाह समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गरिनेछ ।

१५०. कर्मचारीहरुको लागि क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।

१५१. घर नक्सा पास र घर निर्माण सम्पन्न कार्यलाई व्यवस्थित गर्दै नक्सा पास नभएका संरचनाहरुलाई समेत मूल्याङ्कन गरी करको दायरामा ल्याइनेछ ।

१५२. घर वहालकरलाई अनिवार्य रुपमा लागु गरिनेछ ।

१५३. दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरी गाउँपालिकाको योजना, बजेट तथा कार्यक्रममा समावेश गरी श्रोतको व्यवस्थापन र कार्यान्वयनलाई प्रभावकारी वनाइनेछ ।

१५४. विभिन्न चरणमा गरिने अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त भएको नतिजा, सुझाव तथा सल्लाहलाई पृष्ठपोषणको रुपमा लिई आवश्यकता अनुरुप सुधार गरिनेछ ।

१५५. स्थानीय स्तरमा गठन हुने उपभोक्ता समिति तथा टोल विकास संस्थाहरुलाई योजना सञ्चालन, प्रचलित ऐन कानूनको पालना र योजना फरफारकसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

**न्यायिक समिति कार्यनीति**

१५६. न्यायिक समितिका पदाधिकारी मेलमिलापकर्ताहरुलाई सम्बन्धित विषयको विज्ञलाइ ल्याई तालिमको व्यवस्था गरिनेछ ।

१५७. न्यायिक समितिले मेलमिलाप केन्द्र संचालन र व्यवस्थापन गरिनेछ ।

१५८.सबै गाउँपालिका बासीहरुलाई छिटो छरिटो पहुँच योग्य र प्रभावकारी न्याय, सेवा प्रदान गर्ने निति अबलम्बन गरिनेछ ।

१५९.प्रत्येक विद्यालय तथा वडाहरुमा न्याय सम्बन्धी कार्यक्रम गरिने व्यवस्थापन गरिने छ ।

१६०.मेलमिलाप केन्द्रहरुको अनुगमन गर्ने कार्यलाई प्रभावकारी बनाईनेछ ।

१६१.गरिबी असाहाय तथा पिछडिएको व्यक्तिहरुलाई निशुल्क कानूनी परामर्श तथा सहयोग उपलब्ध गराईनेछ ।

१६२. स्थानीय न्यायिक सहजकर्ताको तलव प्रदेश सरकारबाट प्राप्त भएकोमा अपुग रकम गाउँपालिकाबाट विनियोजन गरिनेछ ।

## श्रम तथा रोजगार कार्यनीति

१६३. श्रम गर्ने संस्कृतिको विकास गर्दै श्रमलाई सम्मान गर्ने परिपाटी वसालिनेछ ।

१६४. युवा रोजगारीका लागी रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुलाई सशक्त रुपमा सन्चालन गरिनेछ ।

१६५. वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुका लागी पूर्ण श्रम स्वीकृत तथा नयाँ श्रम स्वीकृतको लागी मन्त्रालयको निर्देशन बमोजिमको सम्पूर्ण व्यवस्था रोजगार सेवा केन्द्रबाट गरिनेछ ।

१६६. मर्यादित श्रम सहितको रोजगारीको सुनिश्चितता गरिनेछ । श्रमको हक अधिकार र न्यूनतम् पारिश्रमिकको व्यवस्था गरिनेछ । "श्रम सम्मान राष्ट्रको अभियान' अन्तर्गत गाउँपालिका भित्र सञ्चालन हुने विकास आयोजनाहरुमा आवश्यक पर्ने दक्ष, अर्ध दक्ष र अदक्ष नागरिकहरुलाई रोजगारीमा आवद्ध गराउने प्रयास गोसाईकुण्ड गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सूचीकृत भएका वडा नं. १ देखि वडा नं. ६ सम्मका वेरोजगार व्यक्तिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाहरु तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना मार्फत न्यूनतम् रोजगारी उपलब्ध गराइनेछ ।

१६७. वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई उद्यमशील कार्यमा उत्प्रेरित गरी गाउँमा नै वस्ने वातावरण निर्माण गरिनेछ ।

१६८. स्थानीय विकास निर्माणमा स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने, श्रम परिचालन गर्ने मोडेलको विकास गर्न वेरोजगार जनशक्तिको पहिचान

सशक्तिकरण र सकारात्मक विभेद मार्फत समावेशी रोजगारीको प्रवर्द्धन गरिनेछ ।

१६९. सुरक्षित आप्रवासन (SaMi) कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

## ग) पूर्वाधार विकास

गाउँपालिकाभित्र वनेका सडकलाई विकासको रक्तप्रणालीको रुपमा लिई नयाँ सडक निर्माण, स्तरोन्नति तथा मर्मत सम्भार गरी विकासलाई गतिशिल वनाउने नीति लिइनेछ ।

### पूर्वाधार विकास कार्यनीति

१७०. यातायात पूर्वाधारलाई थप व्यवस्थित गर्न सडक सञ्जाललाई विस्तार र स्तरोन्नती गर्दै लगिनेछ ।

१७१. सञ्चार तथा सूचना प्रविधिलाई विकासको महत्वपूर्ण माध्यमको रुपमा उपयोग गरिनेछ । डिजिटल नेपाल फ्रेमवर्कलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

१७२. सम्पदा पूर्वाधारलाई संरक्षण र सम्वर्द्धन गर्दै सांस्कृतिक सम्पदाको जगेर्ना गरिनेछ ।

१७३. विकास निर्माणको योजना सम्पन्न गर्न सम्झौता गर्ने निर्माण व्यवसायीले समयमा काम सम्पन्न नगर्दा अनुदान वापतको रकम संघ र प्रदेश सरकारलाई आर्थिक वर्षको अन्त्यमा अनिवार्य रुपमा फिर्ता गर्नु पर्ने भएको हुँदा स्रोतको अभावको अवस्था सिर्जना भई विकास निर्माणको काम अधुरो भई विकासको लाभवाट जनता वञ्चित हुने परिस्थितिको सिर्जना हुने देखिएको हुँदा समयमा काम सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई समयमै कानून वमोजिम कारवाहीको प्रक्रियालाई अगाडि बढाउने ।

१७४. भवन आवास तथा सहरी विकासलाई व्यवस्थित गरिदै लगिनेछ । जलवायु अनुकूलन र उर्जा प्रवलीकरण भवन निर्माण प्रविधिलाई थप कार्यान्वयन गरिनेछ। मौलिक भवन निर्माण गर्दा तोकिएको मापदण्ड अनुसार प्रक्रिया पुरा गर्ने पालिकाबासीलाई अनुदान उपलब्ध गराईने छ।

१७५. मध्यमकालिन खर्च संरचना र आवधिक योजनाको निर्माण गर्दै गाउँपालिकामा आयोजना बैंकको स्थापना गरी पूर्वाधार विकासलाई निरन्तर अनुमानयोग्य र गतिशिल वनाइनेछ।

१७६. गाउँपालिकाद्वारा सञ्चालित एम्बुलेन्सहरुमा जिपिएस जडानलाई थप विस्तार गरी केन्द्रीकृत जिपिएस अनुगमन प्रणाली लागु गरिनेछ।

१७७. धुन्चे गोसाईकुण्ड केबलकार निर्माण आयोजनालाई कार्यान्वयनमा ल्याउनको लागि गाउँपालिकाले सम्बद्ध पक्षहरुसँग आवश्यक पहल गर्नेछ।

## वातावरण र विपद् व्यवस्थापन कार्यनीति

१७८. गाउँपालिकालाई स्वच्छ, सफा, सुन्दर वनाई सौन्दर्यमा अभिवृद्धि गरी हरित गाउँपालिकाको रुपमा स्थापित गर्न सार्वजनिक निजी साझेदारीको नीति अवलम्बन गरिनेछ।

१७९. फोहोरमैलाको दिगो व्यवस्थापनका लागि लगानी मैत्री वातावरण सिर्जना गर्न सार्वजनिक निजी साझेदारी मोडेलमा सहकार्य गर्ने प्रक्रियालाई अगाडि बढाइनेछ।

१८०. फोहोरलाई स्रोतमा नै अनिवार्य वर्गीकरण गर्ने उत्पेरित गरिनेछ।

१८१. स्थानीय विपद् व्यवस्थापन समितिलाई स्रोत साधन सम्पन्न वनाई स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई प्रभावकारी रुपले कार्यान्वयन गरिनेछ।

१८२. विपद् व्यवस्थापन कोषको सुदृढीकरण गरी प्रकोप पीडितलाई सहज रुपमा राहत उपलब्ध गराउने र पुनर्स्थापित गराइनेछ ।

१८३. अटोमेशन लगायत प्रकोप पूर्व सूचना प्रविधिको उपयोगमा ल्याइनेछ ।

१८४. वस्ती तथा वडा स्तरीय इनिसियल र्यापिड एसेसमेन्ट टिमको गठन गरी सक्रिय गराइनेछ ।

गाउँ सभाका सदस्यहरु !
अन्त्यमा, गाउँपालिकाको विकास, समृद्धि र सुशासनको आकांक्षा पुरा गर्ने अभियानमा नीति तथा कार्यक्रम निर्माण गर्न प्रत्यक्ष/अप्रत्यक्ष रुपले योगदान पुर्याउने हुने नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, विषय विज्ञज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, निजी तथा गैरसरकारी संस्था, नागरिक समाज, सञ्चारमाध्यम, पत्रकार जगत, राष्ट्रसेवक कर्मचारी लगायत सम्पूर्ण गोसाईकुण्ड गाउँपालिकावासीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस नीति तथा कार्यक्रम कार्यान्वयनको लागि सम्पूर्ण सम्बन्धित पक्षहरुबाट पूर्ण सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

**धन्यवाद !**

**कैसाङ नुर्पु तमाङ**
**गाउँपालिका अध्यक्ष**
**१० असार २०८२**